# सवारी मर्मत तथा इन्धन सुविधा सम्बन्धी मापदण्ड, २०८०

स्वीकृत मिति : २०८०/०५/१७

**सुन्दरबजार नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**सुन्दरबजार, लमजुङ्ग**

## सवारी मर्मत तथा इन्धन सुविधा सम्बन्धी मापदण्ड, २०८०

**पृष्ठभूमि :–**

प्रशासनिक खर्चमा मितब्यिताको साथै कर्माचारीको मनोबल उच्च राखी सरल, सहज र उत्कृष्ट सेवा प्रवाहलाई समेत टेवा पुग्ने गरी इन्धन सुविधा मापदण्ड बनाउनु पर्ने आवश्यकता देखिएकोले यो मापदण्ड जारी गरिएको छ ।

### परिच्छेद –१
### संक्षिप्त नाम र प्रारम्भ

**१. सक्षिप्त नाम र प्रारम्भ :–**

क. यो मापदण्डको नाम सवारी मर्मत तथा इन्धन सुविधा सम्बन्धी मापदण्ड, २०८० रहेको छ
ख. यो मापदण्ड कार्यपालिकाबाट पारित भएको मितिदेखि लागु हुने छ ।

**२. परिभाषा र ब्याख्या :–**

क. "कर्मचारी" भन्नाले सुन्दरबजार नगरपालिकाको कार्यालयमा कार्यरत प्राविधिक र अप्राविधिक दुवै प्रकृतिका कर्मचारीलाई जनाउँछ ।
ख. "जनप्रतिनिधि" भन्नाले सुन्दरबजार नगरपालिकामा निर्वाचित वडा अध्यक्षहरुलाई सम्झनुपर्दछ ।
ख. "कार्यालय" भन्नाले सुन्दरबजार नगरपालिका नगर कार्यपालिकाको कार्यालयलाई सम्झनुपर्छ ।

### परिच्छेद –२
### ईन्धन सुविधा सम्बन्धी ब्यवस्था

**३. ईन्धन सुविधा :**

क. सरकारी तथा निजि सवारी साधन प्रयोग गरी नियमित रुपमा कार्यालयमा आउने प्राविधिक तथा अप्राविधिक कर्मचारीहरुलाई अनुसुची १ बमोजिमको इन्धन सुविधा उपलब्ध हुनेछ ।

ख. निजि सवारी साधन प्रयोग गर्ने कर्मचारीहरुले इन्धन सुविधा लिन चाहेमा आफुले प्रयोग गरेको सवारी साधनको ब्लु बुकको छायाप्रति र सवारी चालक अनुमतीपत्रको प्रतिलिपि अनिवार्य रुपमा कार्यालयम पेश गर्नुपर्नेछ । ब्लुबुकको र सम्बन्धित कर्मचारीको नाममा रहेको सवारी चालक अनुमतिपत्रको छायाप्रति पेश नगरेसम्म इन्धन वापतको सुविधा उपलब्ध गराईने छैन ।

ग. कार्यालयले इन्धन सुविधा वितरणको अभिलेख अद्यावधिक गरी राख्नुपर्नेछ ।

घ. मापदण्ड भन्दा बडी इन्धन आवश्यक भएमा कार्यालयले कार्यालयको विनियोजित बजेटको सीमाभित्र रही आवश्यक पुष्टयाईहरुका आधारमा अधिकार प्राप्त अधिकारीको स्वीकृतिमा मात्र उपलब्ध गराउन सक्नेछ ।

ङ. चारपाङ्ग्रे वा सो भन्दा ठूला  सवारी साधन संचालनको लगबुक भरी तोकिएको अधिकारीले प्रमाणित गरेको हुनुपर्नेछ ।

च. अनुसुची १ मा तोकिएको इन्धन सुविधा पाउने कर्मचारीलाई लगातार एक महिनाभन्दा बढी समय बिदामा बस्नुपरेमा सो अवधीको इन्धन सुविधा उपलब्ध गराइनेछैन ।

छ. तोकिएको कोटाको ईन्धन सुविधा प्रत्येक महिना बुझिलिनुपर्ने छ ।

ज. अतिथि शीर्षकमा इन्धन उपलब्ध गराउनुपर्ने भएमा अधिकार प्राप्त अधिकारीको स्वीकृतिमा मात्र उपलब्ध गराउनुपर्ने छ ।

झ. इन्धन सम्बन्धि अभिलेख आर्थिक प्रशासन शाखाले राख्नुपर्ने छ ।

## परिच्छेद –३
## सवारी मर्मत सम्बन्धी व्यवस्था

### ४. सवारी मर्मत सुविधा :

सरकारी तथा निजि सवारी साधन प्रयोग गरी जनप्रतिनिधि र नियमित रुपमा कार्यालयमा आउने प्राविधिक तथा अप्राविधिक  कर्मचारीहरुलाई अनुसुची २ बमोजिमको सवारी मर्मत सुविधा उपलब्ध हुनेछ ।

## परिच्छेद –४
## ईन्धन सुविधा सम्बन्धी व्यवस्था

### ५. संशोधन र खारेजी

क. आवश्यकताअनुसार यस मापदण्डमा भएको व्यवस्था संशोधन गर्न सकिने छ ।

ख. यस अघि यस नगरपालिका नगर कार्यपालिका को मापदण्ड, खारेज गरिएको छ ।

अनुसुची –१

नियम ३ को उपनियम (क) संग सम्बन्धित

## कर्मचारीको लागि मासिक इन्धन सुविधा

## इन्धन (पेट्रोल/डिजेल/मोबिल)

| **सि.नं** | **तह /पद** | **परिमाण (पेट्रोल)** | **मोबिल** |
|---|---|---|---|
| १ | अधिकृत छैटौ /सातौ /आठौ नबौ /दशौ | १५ लि | कार्यालयको सवारी साधनको हकमा मात्र प्रत्येक तीन महिनामा १ लि |
| २ | वडा सचिव सबै (मोटर साइकल / स्कुटर) | १० लि | कार्यालयको सवारी साधनको हकमा मात्र प्रत्येक तीन महिनामा १ लि |
| २.१ | दुई वटा वडा हेर्ने वडा सचिवलाई | १५ लि | |
| ३ | सहायकस्तर चौथो र पाचौ ( मोटर साइकल / स्कुटर) | १० लि | कार्यालयको सवारी साधनको हकमा मात्र प्रत्येक तीन महिनामा १ लि |
| ३.१ | दुई वटा वडा हेर्ने वडा प्राविधिक लाई | १५ लि | |
| ४ | सवारी चालक र कार्यालय सहयोगी | ५ लि | कार्यालयको सवारी साधनको हकमा मात्र प्रत्येक तीन महिनामा १ लि |
| ५ | पुल वाईक | प्रयोग अनुसार माग फराम स्वीकृत गरी | कार्यालयको सवारी साधनको हकमा मात्र प्रत्येक तीन महिनामा १ लि |

अनुसुची –२

नियम ४ को संग सम्बन्धित

## जनप्रतिनिधि/कर्मचारीको लागि सवारी मर्मत सुविधा

| सि.नं | सवारीको किसिम | पदाधिकारी | सवारी मर्मत सुविधा (वार्षिक रु) |
|---|---|---|---|
| १ | मोटरसाईकल/स्कुटर | जनप्रतिनिधि | १५००० |
| २ | मोटरसाईकल/स्कुटर | कर्मचारी | १२००० |
| ३ | पुल बाईक | प्रयोग अनुसार मर्मत आदेश स्वीकृत गरी | |

**प्रमाणित गर्ने :**

शिशिर पौडेल
प्रमुख प्रशासकीय अधिकृत